# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा, विष्णुपुरा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः- २०८०/०८१ मितिः२०८०/०४/१९

चलानी नं.:-

**गैडहवा गाउँपालिकाको आँखा पाक्ने रोग (कन्जन्टिभाइटिस) सम्बन्धी गैडहवाबासीहरुमा अनुरोध ।**

हाल केही दिन देखि देशका विभिन्न स्थानहरुमा आँखा पाक्ने रोग (कन्जन्टिभाइटिस) को संक्रमण बढ्दै गएको र यस गैडहवा गाउँपालिकामा पनि तिब्र रुपमा फैलिएको हुँदा तपशिल बमोजिम स्वास्थ्य सुरक्षाका उपायहरु अपनाई यस रोगबाट सुरक्षित रहनु हुन सम्पूर्ण गैडहवाबासीहरुमा अनुरोध छ ।

**आँखा पाक्ने रोगका प्रमुख लक्षणहरुः**

- आँखा धेरै रातो हुने, आँखा चिलाउने, आँखाबाट आँसु बगिरहने ।
- कचेरा/चिप्रा आउने र टाँसिने, आँखा दुख्ने/बिजाउने, आँखाको ढकनी रातो हुने र सुन्निने ।
- घाम तथा उज्यालो प्रकाशमा हेर्न समस्या हुने ।

**जोगिने उपायः**

- सफा पानीले कम्तिमा ३/४ पटक आँखा सफा गर्ने ।
- संक्रमित व्यक्तिबाट टाढा रहने र कालो चस्माको प्रयोग गर्ने ।
- आँखा छुनु अघि राम्रोसँग साबुन पानीले हात धुने ।
- अरुले प्रयोग गरेका सामग्रीहरु (तौलिया, रुमाल, सिरानी, तन्ना आदिको) प्रयोग नगर्ने ।

**रोग लागेमा के- गर्ने ?**

- पटक पटक आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- चिसो बरफ वा आइसले सेक्ने र साबुन पानीले हात धुने ।
- बाहिर निस्किंदा कालो चस्माको प्रयोग गर्ने, प्रशस्त मात्रामा पानी पिउने ।
- आफूले प्रयोग गरेको सामग्री अरुलाई प्रयोग गर्न नदिने ।
- चिकित्सक तथा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम औषधीको प्रयोग गर्ने ।
- जथाभावी रुपमा औषधी प्रयोग नगर्ने ।
- सरसफाईमा विशेष ध्यान दिने ।

२०८०/०४/१९

माधवराज पौडेल
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

Email: gaidahawagaupalika@gmail.com

website: gaidahawamun.gov.np